# पूर्वाञ्चल विश्वविद्यालय
## परीक्षा व्यवस्थापन कार्यालय
## विराटनगर ।

☎ : ०२१:४६४९६५
इमेल: fomgmt@puexam.edu.np


प.स.च.नं.: ........./०८२-०८३

मिति : २०८३/०३/१५

**श्रीमान् निर्देशक/क्याम्पस प्रमुखज्यू,**
**BBA/BHM/BHCM/BTTS/BFDM शैक्षिक कार्यक्रम अध्यापन गराउने सम्पूर्ण स्कूल/क्याम्पस / कलेजहरू ।**

**विषयः- परीक्षा आवेदन फाराम भराई पठाई दिने बारे ।**

पूर्वाञ्चल विश्वविद्यालयद्वारा व्यवस्थापन संकाय अन्तर्गत सेमेष्टर परीक्षा प्रणाली अनुसार सञ्चालित स्नातक तह चार वर्षे BBA शैक्षिक कार्यक्रमको दोस्रो, चौथो, छैठौ सेमेष्टरहरूको नियमति तथा आंशिक र आठौं सेमेष्टरको नियमित, BFDM/BTTS शैक्षिक कार्यक्रमको दोस्रो, चौथो, छैठौं र आठौं सेमेष्टरको नियमित तथा आंशिक, BHM/BHCM शैक्षिक कार्यक्रमको दोस्रो, चौथो र छैठौं सेमेष्टरको नियमित तथा आंशिक तर्फका परीक्षीहरूको वि.सं. २०८३ साल (सन २०२६) मा सञ्चालन गरिने परीक्षाका लागि विद्यार्थीहरूलाई परीक्षा आवेदन फाराम भराई यस कार्यालयको नविल बैक लि. को A/C 00710017518402 मा नियमानुसारको परीक्षा शुल्क वापतको रकम **तोकिएको मिति २०८३/०४/०८ गते (24 July 2026)** भित्र जम्मा गरी सक्कल बैंक भौचर र परीक्षा आवेदन फाराम **स्कूल/क्याम्पस/कलेजको प्रतिनिधि** मार्फत पू.वि.परीक्षा व्यवस्थापन कार्यालय, विराटनगरमा यथाशिघ्र उपलब्ध गराउन जानकारी गराइन्छ । साथै परीक्षा आवेदन फाराम भराई सकेपछि तपसिल बमोजिमको निर्देशनहरु अनिवार्यरुपमा पालन गरि/गराई परीक्षा आवेदन फाराम यस कार्यालयमा उपलब्ध गराउन हुन समेत जानकारी गराईन्छ ।

तपसिल

(१) परीक्षार्थीहरूले परीक्षा आवेदन फाराममा भरेको विवरणको नाम, विषयहरू र अन्य विवरण समेत पूर्णरूपले रूजु गरी परीक्षार्थीको नाम अनुसार अंग्रेजी वर्णानुक्रममा मिलाई अभिलेख तयार गरि Subject-wise Data बनाइ पठाउनु पर्नेछ । साथै परीक्षा फाराममा सम्बन्धित विद्यार्थीले भर्नु पर्ने विषय फरक परेमा उक्त विषय सच्याउन प्रति विषय रू ५००।– पू.वि. परीक्षा व्यवस्थापन कार्यालय, विराटनगरमा शुल्क बुझाउनु पर्ने छ ।

(२) **परीक्षा आवेदन फाराममा प्रत्येक परीक्षार्थीले आफ्नो रजिष्ट्रेशन नम्बर अनिवार्य रूपमा उल्लेख गर्नुपर्नेछ ।**

(३) परीक्षा आवेदन फाराममा रहेको तीन वटा फोटोमध्ये पहिलो फोटोमा सम्बन्धित स्कूल/क्याम्पस/कलेजका डाइरेक्टर/क्याम्पस प्रमुख / प्राचार्यले फोटो र फाराममा पर्ने गरी दस्तखत गरी प्रमाणित गर्नुपर्ने र अन्य दुई वटा फोटोमा यस कार्यालयबाट प्रमाणित गरिनेछ ।

(४) परीक्षा आवेदन फारामको पछाडि रहेको सम्बन्धित परीक्षार्थीको हाजिरी प्रतिशत अनिवार्यरूपमा उल्लेख गर्नुपर्नेछ ।

(५) प्रत्येक परीक्षार्थीले प्रत्येक खण्डको छुट्टा छुट्टै परीक्षा आवेदन फाराम भर्नुपर्नेछ । तसर्थ कुनै परीक्षार्थीले कुनै खण्डको नियमित वा आंशिक विषय भरेको परीक्षा आवेदन फाराममा अर्को खण्डको विषय उल्लेख गर्न पाइने छैन । त्यसरी एकभन्दा बढी खण्डका विषय भरी परीक्षा आवेदन फाराम पठाइएमा पहिले परीक्षा हुने खण्डको परीक्षाका लागि मात्र मान्यता दिइनेछ ।

(६) परीक्षा आवदेन फाराममा लिखित तथा प्रयोगात्मक दुबै वा प्रयोगात्मक परीक्षा मात्र हुने विषयहरू समेत स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ । कुनै परीक्षार्थीले परीक्षा आवेदन फाराममा कुनै विषय उल्लेख गर्न छुट गरेमा निजलाई त्यस विषयको परीक्षामा सामेल गराइने छैन ।

(७) **परीक्षा शुल्क देहाय बमोजिम हुनेछ-**

| विवरण | शुल्क |
|---|---|
| परीक्षा शुल्क : | |
| क) परीक्षा शुल्क (२०२० समुह देखिका **नियमित तथा आंशिक** परीक्षार्थीलाई) | रू. १,५००।- |
| ख) परीक्षा शुल्क (२०१९ समुह सम्म) | |
| - एक विषय | रू.५,००।- |
| - दुई विषय | रू.८,००।- |
| - बढि विषय | रू.१,१००।- |
| बिलम्ब शुल्क: | |
| १, तोकिएको म्याद समाप्त भएको मितिले ७ दिन भित्र थप | रू. १,०००।– |
| २, परीक्षा शुरु हुनु भन्दा १० दिन अगाडी सम्म | रू. २,०००।– |
| ३, परीक्षा शुरु हुनु भन्दा ५ दिन अगाडी सम्म | रू. ३,०००।– |

सह परीक्षा नियन्त्रक

**नोटः** विलम्व शुल्कको २ र ३ नं. वमोजिम उपरोक्त शैक्षिक कार्यक्रम अनुसार पहिलो दिन सुरुहुने परीक्षालाई परीक्षा सुरु भएको दिन मानिने छ